धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ७३ ◆ २०८३ असोज १३ मंगलबार ◆ Tuesday, September 29, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## चितवन कारागारमा ६९ जना दीर्घ तथा जटिल रोगी

❑ *प्रत्यूष समाचारदाता*

नारायणगढ । भरतपुर स्थित कारागार कार्यालय चितवनमा रहेका ७६१ बन्दीमध्ये ६९ जना विभिन्न दीर्घ तथा जटिल रोगबाट पीडित छन्। कारागार कार्यालयका अनुसार ६९ जना उच्च रक्तचाप, मधुमेह, क्षयरोग, मानसिक रोग, क्यान्सर, एचआइभी/एड्स लगायत रोगका बिरामी हुन्।

कारागारमा क्यान्सरका कारण बर्सेनि बन्दीको मृत्यु हुने गरेको छ । भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा उपचारका लागि विभिन्न कारागारबाट क्यान्सरका बिरामी बन्दीलाई रिफर गरिने भएकाले अन्तिम चरणका बिरामीको मृत्यु हुने गरेको कार्यालयले जनाएको छ। कारागार कार्यालयको तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष २०८३/८४ मा क्यान्सरका कारण एक जना बन्दीको मृत्यु भएको कारागार कार्यालयका सूचना अधिकारी चेतनाथ ढुङ्गानाले जानकारी दिनुभयो ।

आर्थिक वर्ष २०८२/८३ मा एक जना र आर्थिक वर्ष २०८१/८२ मा एक जना बन्दीको क्यान्सरका कारण मृत्यु भएको थियो । सूचना अधिकारी ढुङ्गानाका अनुसार हाल कारागारमा क्यान्सरका तीन जना बिरामी छन्। तीमध्ये दुई कारागार भित्र र एक जना अस्पतालमा उपचाररत छन्।

कारागारमा रहेका दीर्घ तथा जटिल रोगीमध्ये उच्च रक्तचाप र मधुमेहका बिरामी सबैभन्दा बढी रहेका सूचना अधिकारी ढुङ्गानाले बताउनुभयो । तथ्याङ्कअनुसार ४२ जनामा उच्च रक्तचाप र २२ जना मधुमेहबाट पीडित छन्।

सूचना अधिकारी ढुङ्गानाका अनुसार हाल क्यान्सरका एक र अन्य रोगका एक गरी दुई जना बन्दी अस्पतालमा भर्ना भएर उपचार गराइरहेका छन्।

सो क्रममा कुराकानी गर्नुहुँदै उहाँले कारागारभित्र रहेका बिरामी बन्दीको दैनिक स्वास्थ्य परीक्षण तथा आवश्यक औषधोपचार स्वास्थ्य-कर्मीले गर्ने गरेको बताउनुभयो ।

एचआईभी सङ्क्रमित पाँच जना बन्दीले नियमित रूपमा एआरटी औषधि सेवन गरिरहेका छन्। हाल जिल्ला कारागार कार्यालय चितवनमा ७१७ पुरुष, ४२ महिला र दुई जना आश्रित नाबालक रहेका छन्।




## बागमती प्रदेश सरकारको मुख्य प्राथमिकता भोटेकोशी क्षेत्र पुनःस्थापना

❑ *प्रत्यूष समाचारदाता*

भक्तपुर । बागमती प्रदेश सरकारका मुख्यमन्त्री किरण थापामगरले भोटेकोशी बाढीपीडितको पुनःस्थापना र प्रभावित क्षेत्रमा पुनःनिर्माण गरी पुरानै अवस्थामा फर्काउन पूर्वाधार निर्माणलाई प्रदेश सरकारले पहिलो प्राथ-मिकतामा राखेको बताउनुभएको छ ।

भक्तपुर उद्योग वाणिज्य सङ्घद्वारा वस्तु तथा सेवा निर्यात गर्ने उद्योगी, कार्गो व्यवसायी, निर्यातकर्ता लगायत सरोकार भएका निकायसँग आयोजित छलफल कार्यक्रममा उहाँले सङ्घ सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रबीच समन्वय तथा सहकार्य गरेर पुनःस्थापना र पुनःनिर्माण अघि बढाउने बताउनुभयो । बागमती प्रदेश सरकारले प्रभावित क्षेत्रमा पुगेर सुरुवाती चरणमा उद्धार कार्यसँगै खाद्यान्न लगायत राहत वितरण गरेको र अहिले पुनःस्थापना र पुनः निर्माणमा लागिपरेको उहाँले बताउनुभयो। राज्य एक्लैले चाहेर मात्र बाढी प्रभावित क्षेत्रमा सबै काम गर्न नसक्ने भन्दै उहाँले सहकार्यका लागि निजी क्षेत्र लगायत विभिन्न सङ्घ संस्थासँग छलफल गरिरहेको बताउनुभयो।

कार्यक्रमपछि जिल्लाको आधुनिक एवं व्यावसायिक कृषि, दिगो पर्यटन र निर्यातमुखी हस्तकला, औद्योगिक तथा व्यावसायिक विकास लागि सङ्घको तर्फबाट १३ बुँदे माग एवं सुझाव सहितको पत्रसमेत मुख्यमन्त्री किरण थापालाई हस्तान्तरण समेत गरिएको थियो ।

## पछिल्लो २४ घण्टामा दुई सय ७२ विपद्का घटना, २१ जनाको मृत्यु

काठमाडौँ । पछिल्लो २४ घण्टामा देशभर दुई सय ७२ वटा विपद्का घटना हुँदा २१ जनाको मृत्यु भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले यही असोज ११ गते बिहान १० बजेदेखि असोज १२ गते बिहान १० बजेसम्मको अवधिमा भएका विपद्का घटनामा चार जना बेपत्ता र २६ जना घाइते भएको जानकारी दिनुभयो । प्राधिकरणका अनुसार सो अवधिमा सबैभन्दा बढी पहिरोका ९७ घटना भएका छन्। पहिरोमा परी २१ जनाको मृत्यु, चार जना बेपत्ता र चार जना घाइते भएका छन्। त्यसैगरी अविरल वर्षाका ८०, बाढीका ५७, सर्पदंशका १७, आगलागीका आठ, हावाहुरीका आठ, जनावर आक्रमणका चार र हिमपातको एउटा घटना भएको छ। बाढीका घटनामा मानवीय क्षति नभए पनि ४१५ जनाको उद्धार गरिएको प्राधिकरणको विवरणमा उल्लेख छ । अविरल वर्षाका घटनामा पनि सात सय जनाको उद्धार गरिएको छ ।

विपद्का कारण ४८ सडकखण्ड अवरुद्ध भएका छन् भने १२१ चौपायाको क्षति भएको छ । घटनाबाट भएको अनुमानित आर्थिक क्षति रु एक करोड ९१ लाख ६६ हजार रहेको प्राधिकरणले जनाएको छ। प्राधिकरणका अनुसार पछिल्लो २४ घण्टामा भएको विपद्मध्ये पहिरो, बाढी र अविरल वर्षाका घटना प्रमुख रहेका छन्। यस अवधिमा सुरक्षाकर्मी तथा सम्बन्धित निकायबाट उद्धार तथा खोजी कार्य जारी रहेको प्राधिकरणले जनाएको छ ।

## प्रतिनिधिसभाः स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी विधेयकमाथिको प्रस्ताव स्वीकृत

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । प्रतिनिधिसभाको बैठकले 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस् भन्ने प्रस्ताव' स्वीकृत गरेको छ ।

प्रतिनिधिसभाको सोमबार को बैठकमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले प्रस्तुत गर्नुभएको उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको हो। प्रस्ताव प्रस्तुत गर्दै मन्त्री मेहताले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षालाई मध्यनजर गर्दै समयसापेक्ष कानुन तर्जुमा गर्न लागिएको बताउनुभयो । उहाँले विधेयकले अध्ययनरत चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि हुने आक्रमण र हातपातको अन्त्य हुने बताउनुभयो। मन्त्री मेहताले कैद र जरिवाना दुवैलाई समावेश गरेर विधेयक ल्याइएको बताउनुभयो। स्वास्थ्यकर्मीबाट हुने कुनै पनि गतिविधि र अभ्यासको लागि गुनासो राख्ने उचित प्रबन्ध मिलाइएको पनि बताउनुभयो।

यसअघि 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस् भन्ने' प्रस्तावको सैद्धान्तिक छलफलमा भाग लिँदै सांसद खुशबु ओलीले स्वास्थ्यकर्मीमाथि आक्रमण गर्नु भनेको एउटा व्यक्तिमाथि मात्रै नभएर स्वास्थ्य सेवामाथि भएको आक्रमणको रूपमा चित्रित गर्नुभयो ।

सांसद भरत गिरीले चिकित्सक र स्वास्थ्यकर्मीले जुन हातले बिरामीलाई बचाउन खोजिएको हुन्छ सोही हात डराइदराइ काम गर्न नसक्ने अवस्था सिर्जना गर्न नहुने बताउँदै बिरामीको आफन्तबाट धम्की र आक्रमण कुनै पनि हालतमा सह्य नभएको बताउनुभयो । सांसद पुकार बमले उपचार गर्ने बिरामी र उपचार गर्ने स्वास्थ्यकर्मी एकअर्काका परिपुरक भएको बताउँदै केही समय अघि नारायणी अस्पताल वीरगञ्जमा चिकित्सक माथि भएको हातपातको घटनाले पनि यो विधेयकको आवश्यकता र औचित्य झनै बढाएको बताउनुभयो ।

सांसद मञ्जु भुसालले यो विधेयकले स्वास्थकर्मीको सुरक्षा लाई सुनिश्चिता गर्दै स्वास्थ्य कर्मीले पनि इमान्दार र स्वच्छ ढङ्गले उपचार तथा सेवातर्फ जिम्मेवार बनाउने विश्वास व्यक्त गर्नुभयो । सांसद करिश्मा कठरियाले चिकित्सक तथा स्वास्थ्यकर्मी अस्पताल नै कुटपिट हुनु दुर्भाग्य भएकाले पनि यस विधेयकले समयसान्दर्भिक सुधार र सुरक्षाको प्रत्याभूति दिलाउने बताउनुभयो ।

सांसद गणेश कार्की, रमेशकुमार मल्ल, कमल सुवेदी, ज्ञानेन्द्रसिंह महता, आशा झा, टेकबहादुर शाक्य, पार्वती विक, अच्युतम लामिछाने, टुकाभद्रा हमाल, समिना मियाँ, साजिदा खातुन सिद्धिकी, यज्ञमणि न्यौपाने, प्रभा ढकाल, पुष्पाकुमारी चौधरी, गणेश पौड्याल, समिक्षा बाँस्कोटा, तोशिमा कार्की, गणेशबहादुर विश्वकर्मा, ओजश्वी शेरचन, हरिप्रसाद भुसाल, नरेन्द्र साह कलवार, हरिमोहन भण्डारी, गङ्गादेवी श्रेष्ठ, मधुकुमार चौलागाई, राजन गौतम, लेखजङ्ग थापालगायतले स्वास्थ्यकर्मीमाथि कुनै पनि हालतमा आक्रमण सह्य नहुने र अस्पतालमा हुने गुनासोको पनि सही ढङ्गले सम्बोधन हुनुपर्ने बताउनुभयो ।

## सुपथ मूल्यमा खाद्यान्न बिक्री

बागमती । साल्ट ट्रेडिङ कर्पोरेशन, मकवानपुरले चाडपर्वलाई लक्षित गरी कार्यालयबाट सुपथ मूल्यमा खाद्यान्न बिक्री सुरु गरेको छ ।

कार्यालयले नेपाल सरकार को निर्देशन अनुसार हाल कार्यालय मा उपलब्ध नुन, चिनी, तेल र मैदा पीठो सरकारले तोके अनुसारको छुट मूल्यमा बिक्री गरेको कार्यालय प्रमुख मधुसुधन अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार सर्वसाधारणलाई छुट मूल्यमा गरिने वितरण समान होस् भन्ने उद्देश्यका साथ प्रति व्यक्ति छ पोका नुन, छ किलोग्राम चिनी, पाँच लिटर तेल र पाँच किलो मैदा उपलब्ध गराउने गरिएको छ ।

बजारको प्रचलित बिक्री मूल्यअनुसार कार्यालयले चिनीमा प्रतिकिलो पाँच रुपैयाँ, नुनमा प्रतिकिलो दुई रुपैयाँ, मैदामा प्रतिकिलो सात रुपैयाँ तथा तेलमा प्रति लिटर सात रुपैयाँ छुटसहित बिक्री गरिरहेको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो । सुपथ मूल्यमा बिक्री गर्ने क्रम आगामी तिहारसम्म जारी रहने कार्यालयले जनाएको छ ।

## मर्स्याङ्दीका दुवै जलविद्युत् आयोजना पुनः सञ्चालन

❑ *प्रत्यूष समाचारदाता*

लमजुङ । मर्स्याङ्दी नदीमा पानीको सतह र बहाव बढेपछि आइतवार बिहानदेखि बन्द भएका लमजुङका दुई ठूला जलविद्युत् आयोजना पुनः सञ्चालनमा आएका छन्। जिल्लामा सञ्चालित ७० मेगावाटको मध्यमर्स्याङ्दी र ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजना सोमबारदेखि पुनः सञ्चालनमा आएका हुन्।

बेँसीसहर नगरपालिका-१ दलालमा रहेको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना सोमबार दिउँसोदेखि पुनः सञ्चालनमा आएको हो। नदीमा पानीको सतह र बहाव बढेर जोखिमको अवस्था आएपछि आयोजना आइतबार बिहानदेखि पूर्ण रूपमा बन्द गरिएको थियो ।

आयोजना प्रमुख ताराहत्त भट्टराईका अनुसार उत्पादन बन्द गरेर आयोजनाबाट आएको पानी पूर्ण रूपमा नदीतर्फ निकास गरिएको थियो । नदीको बहाव सामान्य बन्दै गएपछि सोमबार दिउँसोदेखि पुनः विद्युत् उत्पादन सुरु गरिएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले नदीमा तत्काल कुनै जोखिमको अवस्था छैन। प्रमुख भट्टराईले ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी आयोजनामा ३५-३५ मेगावाट क्षमताका दुई वटा टर्बाइन रहेका बताउनुभयो ।

त्यसैगरी, मर्स्याङ्दी गाउँपालिका-८ भुलभुलेमा रहेको ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजना पनि हिजो बिहान ११:५० बजेदेखि पूर्ण रूपमा सञ्चालनमा आएको छ। आयोजनाका इन्जिनियर कर्ण अधिकारीका अनुसार आवश्यक प्राविधिक काम, सरसफाइ तथा अन्य व्यवस्थापन पूरा गरेपछि हिजो बिहान ११:५० बजेदेखि विद्युत् उत्पादन पूर्ण रूपमा सुरु गरिएको हो । मर्स्याङ्दी नदीमा पानीको बहाव बढेपछि दुवै आयोजनाले सुरक्षालाई प्राथमिकता दिँदै विद्युत् उत्पादन रोकेका थिए । नदीको बहाव घट्दै गएपछि आवश्यक प्राविधिक तथा व्यवस्थापकीय काम पूरा गरी दुवै आयोजना पुनः सञ्चालनमा ल्याइएको हो ।

## सम्पादकीय ....

### समयमै ध्यान दिन जरुरी

हरेक वर्ष विपद् भएपछि राहत, पुनःस्थापना र पुनर्निर्माणमा ठूलो स्रोत परिचालन हुन्छ । यस अवस्थामा हामीले सोच्नुपर्ने विषय भनेको विपद् भएपछि खर्च हुने रकमको केही हिस्सा विपद् आउनुअघि नै जोखिम घटाउन किन परिचालन नगर्ने भन्ने हो । विपद् जोखिम न्यूनीकरणलाई छुट्टै कार्यक्रमका रूपमा मात्र हेरेर पुग्दैन । विकासका हरेक परियोजना र कार्यक्रम निर्माण गर्दा नै सम्भावित विपद् जोखिमलाई ध्यानमा राख्न आवश्यक छ । कुनै पनि परियोजना निर्माण गर्नुअघि सम्बन्धित क्षेत्रको जोखिम, प्रभावित हुनसक्ने समुदाय तथा सम्भावित क्षतिको मूल्याङ्कन गरिनुपर्दछ । जोखिम क्षेत्रको नक्साङ्कन र पूर्वजोखिम मूल्याङ्कनलाई परियोजना निर्माणको प्रारम्भिक चरणमै समावेश गर्न जरुरी छ ।

विकास क्षेत्रमा उपलब्ध वित्तीय स्रोत सीमित हुने हुँदा उपलब्ध स्रोतको प्रभावकारी र दीर्घकालीन उपयोग महत्वपूर्ण हुन्छ । हरेक परियोजनाहरुले बजेट निर्माण गर्दा प्रशासनिक तथा कार्यक्रमगत खर्चमा मात्र ध्यान दिएर पुग्दैन । विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीलाई पनि वित्तीय योजनाको अभिन्न हिस्सा बनाउन आवश्यक छ । परियोजनाको प्रकृति र जोखिमका आधारमा पाँचदेखि १० प्रतिशतसम्म बजेट विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका लागि विनियोजन गर्न सकिन्छ । यसले विपद् आएपछि मात्र स्रोत खोज्ने अवस्थालाई केही हदसम्म कम गर्न सहयोग गर्नसक्छ ।

त्यसैगरी, परियोजनाको सफलता मापन गर्दा कति पूर्वाधार निर्माण भयो भन्ने आधारमा मात्र मूल्याङ्कन गर्नु पर्याप्त हुँदैन । निर्माण गरिएको पूर्वाधार भविष्यमा आउन सक्ने विपद् सामना गर्न कति सक्षम छ भन्ने विषयलाई पनि परियोजनाको महत्वपूर्ण सूचक बनाउन आवश्यक छ । विपद्पछि क्षतिग्रस्त संरचनालाई पहिलेकै अवस्थामा पुनर्निर्माण गर्नु मात्र पुनर्निर्माण होइन । यदि त्यही संरचना अर्को विपद्मा फेरि क्षतिग्रस्त हुने अवस्था रहन्छ भने त्यसले दीर्घकालीन समाधान दिँदैन । पुनर्निर्माण गर्दा पहिलेभन्दा सुरक्षित र जोखिम कम हुने संरचना निर्माणमा ध्यान दिनुपर्छ । पुनर्निर्माणमा खर्च हुने प्रत्येक रुपैयाँले तत्कालको क्षति व्यवस्थापनसँगै भविष्यको जोखिम घटाउन पनि योगदान गर्नुपर्छ ।

त्यसैगरी, आकस्मिक कोष, संस्थागत निरन्तरता योजना, महत्वपूर्ण सम्पत्तिको सुरक्षा, वैकल्पिक सेवा व्यवस्था तथा आपत्कालीन सञ्चार प्रणालीजस्ता विषयलाई पनि संस्थाको वित्तीय तथा सञ्चालन योजनामा समावेश गर्नुपर्छ । विपद् आएपछि ठूलो रकम राहत तथा पुनर्निर्माणमा खर्च गर्नुभन्दा विपद् आउनुअघि जोखिम घटाउन गरिएको लगानीले भविष्यमा हुने क्षति कम गर्न सहयोग गर्छ । वित्तीय व्यवस्थापनको सोच पनि विपद्पछिको खर्च व्यवस्थापनबाट विपद्अघिको पूर्वतयारी र जोखिम न्यूनीकरणमा लगानी गर्ने दिशातर्फ परिवर्तन हुन आवश्यक छ । स्थानीय संस्थासँग विपद्को समयमा परिचालन हुनसक्ने प्रणाली छ ? स्थानीय जनशक्ति जोखिम पहिचान र व्यवस्थापन गर्न सक्षम छ ? समुदायले आगामी विपद्का लागि आवश्यक पूर्वतयारी गर्न सक्छ ? भन्ने जस्ता प्रश्नहरुको जवाफको खोजी गर्नुपर्ने हुन्छ ।

## बाल्यावस्था सम्झाइदिने वासुदेव मुनाल

जीवन पराजुली

अचेल कुनै बच्चाले गीत सुन्न चाहे मोबाइल खोज्छ, कथा वा कार्टुन हेर्न सुन्न मनलागे युट्युबमै रोज्छ ।

इन्टरनेटमा हुर्किरहेको आजको बालपुस्तासँग आफूलाई मन परेका गीत, कथा, कविता वा कार्यक्रम रोज्ने अनगिन्ती विकल्प छन् तर टेलिभिजन र इन्टरनेट आउनुअघिका पुस्ताको बाल्यकालमा यस्तो सुविधा थिएन । उनीहरूका लागि गीत, कविता, कथा र नाटक सुन्ने एकमात्र माध्यम रेडियो नेपाल थियो । र ती कार्यक्रमहरु पनि रेडियोमा सधैँ आउँदैनथे । समय कुरेरै बस्नुपर्थ्यो । रेडियोबाट प्रसारण हुने बाल कार्यक्रम नै उनीहरूको मनोरञ्जन र कल्पनाको संसार थियो । त्यही संसारमा बालबालिकाले रुचाउने गीत, कथा, कविता र नाटक बोकेर आइपुग्नुहुन्थ्यो, 'वासुदेव मुनाल' । मुनाल हरेक साँझ बालबालिकालाई रेडियो सेटनजिक बोलाउँदै भन्नुहुन्थ्यो, "आओ मेरा प्यारा प्यारा भाइबहिनी हो, रेडियो नजिक आओ ! लौ त अब सुरु गरौँ आजको हाम्रो बालकार्यक्रम ।"

रेडियो बज्न थालेपछि बालबालिका त्यसको वरिपरि झुम्मिन्थे । केही आफ्नै रचना रेडियोबाट सुनिने आशामा कान थापेर बस्थे । कविता, नाटकको संसारमा सयर गराउने मुनालको कार्यक्रम बालबालिकामाझ असाध्यै लोकप्रिय थियो ।

रेडियोमा केटाकेटीका लागि हरेक शुक्रबार कविता रेकर्ड गरिन्थ्यो । त्यसैले रेडियो नेपालको प्राङ्गणमा शुक्रबार दर्जनौँ बाल बालिकाको रमाइलो जमघट हुन्थ्यो । रेडियो नेपालको गेटबाहिर २-३ कक्षादेखि ९-१० कक्षासम्मका विद्यार्थीहरूको समूह जम्मा हुन्थे । छनोट भएका केटाकेटीले उत्कृष्ट कविताहरू त्यसै दिन वाचन गर्न पाउँथे ।

मुनाल बालबालिकाको मनोविज्ञान बुझेर कार्यक्रम सञ्चालन गर्नुहुन्थ्यो ।

उहाँले बालबालिकालाई कार्यक्रमका श्रोतामा सीमित गर्नुभएन, बरु उहाँहरूलाई रेडियोको स्टुडियोसम्म भित्र्याउनु समेत भएको थियो । सो कार्यक्रम बालबालिकामात्र नभई अभिभावक समेतले रुचाएका थिए ।

उहाँको बालकार्यक्रममा तत्कालीन युवराज दीपेन्द्र शाह, कलाकारहरू शर्मिला मल्ल, पूजा चन्द, सुनिता सुब्बा, ममता दीपविम, दीपकराज गिरी, मनोज गजुरेल, दमन रूपाखेती, जितु नेपाल, दीपाश्री निरौलालगायत सहभागी हुनुभएको थियो । तत्कालीन बाल कार्यक्रममा सहभागी थुप्रैले मुनाललाई आफ्नो गुरुसमेत मानेका छन् ।

मुनालले तीन दशकभन्दा लामो समय सफल रुपमा बाल कार्यक्रम सञ्चालन गर्नुभयो । 'हाम्रा शत्रु, 'पिँ पिँ गर्छ बाजा', 'घैँटोमा घाम' र 'हराएको हात' उनका बालसाहित्यिक कृति हुन् । उहाँले 'सुनकेस्रा नामको बाल पत्रिका पनि निकाल्नुभयो । बाल कार्यक्रम निर्माण तथा बालसाहित्य सिर्जनाका क्रममा मुनाल स्वयं बालबालिकाका साथी बन्नुभयो । रेडियो युगका यी बालसाथी बितेको १२ असोजमा १० वर्ष पुगेको छ । १२ असोज २०७४ मा ६८ वर्षको उमेरमा घाँटीको क्यान्सरका कारण उहाँको निधन भएको थियो ।

मुनालको रुचि र दक्षता बालसंसार मात्र थिएन । बहुप्रतिभा सम्पन्न मुनाल गायन, सङ्गीत, लेखन र अभिनयमा समेत पोख्त कलाकार-लेखक हुनुहुन्थ्यो । उहाँका लोकगीत, आधुनिक गीत, बालगीत, राष्ट्रिय गीत गरी ३५० भन्दा बढी गीत रेकर्डमा छन् ।

'झमझम इस्टकोट', 'तिम्रो घर चाँचरी', 'पानी खाने निहुँले', 'भए पनि ठीकै', 'दुई एकान दुई', जस्ता दर्जनौँ चर्चित गीतका सर्जक हुनुहुन्छ उहाँ । पाण्डव सुनुवारसँगको उहाँको सहकार्य विशेष चर्चित बन्यो । उहाँहरुको 'झमझम इस्टकोट', 'सक्यौ नानी सक्यौ नानी', 'सिरु न पाते खुकुरी मेरो', 'भिज्यो तिम्रो रातो पछ्यौरी' जस्ता लोकजीवनसँग नजिक रहेका गीत अझै लोकप्रिय छन् ।

"बाखा झऱ्यो भीरैभीर
भैँसी झऱ्यो खोला
गोठालाले गाको गीत
नबिर्सनुहोला..."

मुनाललाई रेडियो नेपाल प्रवेश गराउने प्रथम गीत हो यो । सुरुदेखि नै सरल तर झर्रो शब्दका गीतमा उहाँको रुचि देखिन्छ । उहाँको पहिलो गीत नै सङ्गीतकार नातिकाजीले मन पराउनुभयो । त्यसपछि नातिकाजीकै आग्रहमा थप गीतहरु रेकर्ड मात्र भएन, रेडियो नेपालमा काम पनि पाउनुभयो । नातिकाजी, फत्तेमान, नारायणगोपाल, मधु क्षेत्र, पाण्डव सुनुवार, मीरा राणालगायत तत्कालीन समयका स्थापित सर्जकहरुसँग साङ्गीतिक सहकार्य गर्नुभयो ।

उहाँ ताप्लेजुङमा जन्मेर उदयपुरको चौदण्डीगढीमा हुर्कनु भएका मुनालको जीवनको महत्वपूर्ण कालखण्ड विराटनगरमा बित्यो । विराटनगरमा साथीहरुसँग मिलेर उहाँले स्थापना गरेको 'मुनाल मनोरञ्जनालय तथा गोपीनाथ पुस्तकालय' अहिले पनि सञ्चालनमा नै रहेको छ । एउटा पुस्तालाई नै प्रभाव पार्ने मुनाल क्लब स्थापनापछि त्यो ठाउँ 'मुनाल पथ' नामबाट चिनिन थाल्यो ।

मुनाल क्लबबाट रेडियो नेपालमा छलाङ मार्नुभएका मुनाल २०२९ सालदेखि २०६४ सालसम्म रेडियो नेपालमा आबद्ध हुनुभयो । २०२९ सालमा रेडियो नेपालको देशव्यापी लोकगीत प्रतियोगितामा प्रथम हुनुभएको थियो मुनाल । प्रस्तोता हुँदै बालमहाशाखा उपनिर्देशकसम्मको भूमिकामा बसेर आफ्नो क्षमता प्रदर्शन गर्नुभयो ।

मुनाल रेडियो प्रवेश गर्ने बेला बालगीत र हास्यगीतको सङ्ख्या न्यून थियो । आफ्ना लेखन र अन्तर्वार्ताहरुमा उहाँले बालगीत र लोकगीतको भण्डार बढाउन आफू सचेत रुपमै लागेको बताउनुभएको छ ।

'पानी खाने निहुँले' उहाँको यस्तै हास्यशैलीको गीत हो । यो गीतको कथा रोचक रहेको मुनालले लेख्नुभएको डायरीमा भेटिन्छ ।

रेडियो नेपालको कोठा नं ६ मा नारायणगोपाल, नातिकाजी, मधु क्षेत्रीलगायत सङ्गीतकर्मी भेला भएको दिन थियो । कसैले मुनाललाई भने, "ट्र्याजिक होइन, रोमान्टिक गीत गाउनुस् ।" नातिकाजीले थप्नुभयो, "हो मुनालजी, आज स्टुडियो पनि खाली छ ।"

मुनाल तत्कालै गीत लेख्न जोसिनुभयो । जोसिनुभएन मात्रै, आधा घण्टामा गीतै तयार पार्नुभयो, 'पानी खाने निहुँले तिम्रो घरमा आउँला, मौका मिले रानीवनमा घुम्न जाउँला ।'

तत्कालको सिर्जनाबाट जन्मिएको गीत अझै पनि निकै चर्चामा छ । आँसु लेखक नै हुनुहुन्थ्यो मुनाल । मध्यरातसम्म मदिरा पिएर रमाइलो गरे पनि झिसमिसे बिहानीमा रेडियोको स्क्रिप्ट तयार पारिसक्ने खुबी थियो उहाँको ।

मुनालको यो विशेषताबारे उहाँका छोरा मोहित भन्नुहुन्छ, "घरमा सँगै पिएर राति अबेर सुतेका हुन्थ्यौँ, बिहान उठ्दा बुबाको हातमा पूर्ण रुपमा तयार स्क्रिप्ट हुन्थ्यो " मोहितका अनुसार मुनालले 'कसले माया गर्छ' एल्बमका ६ गीतमा स्वर, शब्द र गायनसँगै क्यासेट उत्पादनका सम्पूर्ण काम जम्मा तीन दिनमै पुरा गर्नुभएको थियो । छिटो लेख्न सक्ने खुबीसँगै यसलाई बुबाको आफ्नो कामप्रतिको प्रतिबद्धता र लगावका रुपमा समेत अर्थ्याउनु हुन्छ मोहित । आफ्ना बहुविधागत सिर्जनात्मक कर्मले एउटा सिङ्गो पुस्ताकै साझा स्मृतिमा बास पाउन सफल कलाकार हुनुहुन्छ मुनाल ।

रोगले थलिएपछि वासुदेव भक्तपुर क्यान्सर अस्पतालमा उपचाररत हुनुहुन्थ्यो । ६८ वर्षको उमेरमा क्यान्सरसँग जुधिरहेका क्षणमा पनि उहाँ केही न केही कोरिरहनुहुन्थ्यो । जीवनका अन्तिम पलहरुमा समेत कम्तीमा दैनिक एक घन्टा लेख्न आफैँलाई उत्प्रेरित गरिरहनुभयो तर आफ्ना भोगाइ र अनुभूति समेटेर आत्मकथा प्रकाशन गर्ने उहाँको इच्छा भने अधुरै रह्यो । घाम डुब्ने बेला बालकार्यक्रम लिएर उदाउने मुनालको आवाज आखिरमा अस्तायो ।

मुनालको निधन पछि २०७५ सालमा उहाँको परिवारले वासुदेव मुनाल स्मृति फाउन्डेसन स्थापना गऱ्यो । फाउन्डेसनका महासचिव समेत आफैँ रहेका छोरा मोहितका अनुसार फाउन्डेसनले मुनालका गीतसङ्गीत तथा साहित्यिक कृतिहरुको संरक्षण प्रवर्द्धनका लागि पनि काम गरिरहेको छ ।

यसै क्रममा फाउन्डेसनले मुनालको जीवित छँदै पूरा हुन नपाएको एउटा अधुरो चाहनालाई मूर्त रुप दिँदैछ । त्यो हो, मुनालको आत्मकथा समेटिएको जीवनपरक कृति 'आओ मेरा प्यारा प्यारा भाइबहिनी हो, रेडियो नजिक आओ ।' मुनालले तीन दशकभन्दा लामो रेडियोकालमा सबैभन्दा दोहोऱ्याएको वाक्य हो 'आओ मेरा प्यारा प्यारा भाइबहिनी हो, रेडियो नजिक आओ ।' यो वाक्य मुनालको पहिचान पनि हो । यसकारण पनि मुनालको जीवनीपरक संस्मरणको नाम यही राखिएको मोहितले बताउनुभयो ।

बुकहिलबाट आगामी मङ्सिरमा प्रकाशनको तयारी गरिएको पुस्तकमा वासुदेव मुनालको बाल्यकालदेखि जीवनका अन्तिम क्षणसम्मका विभिन्न सन्दर्भ समेटिएको छ । प्रकाशोन्मुख पुस्तकका सम्पादक प्रभाकर गौतम भन्नुहुन्छ, "कला, साहित्य र सङ्गीतका त्रिवेणी सर्जक मुनाललाई व्यक्ति र कलाकारका रुपमा चिनाउने पुस्तक हो यो संस्मरण । किताबले रसिक तर सरल व्यक्तित्व मुनालका जीवनका रमाइला र भोगाइलाइ एकसाथ उजागर समेटेको बताइएको छ ।"

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

### शान्तिपूर्ण समाज निर्माण गरौं

- **शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,**
- **मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,**
- **जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,**
- **बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,**
- **हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,**
- **सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,**
- **परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।**
- **विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# सेवा प्रवाहमा उत्कृष्टता ल्याउन प्रतिष्ठानको भूमिका महत्वपूर्ण

काठमाण्डौ । गीतसंगीत, चलचित्र, कला, साहित्य तथा पत्रकारिता क्षेत्रका स्रष्टा, कलाकार र विभिन्न सञ्चारकर्मी लाई सम्मान तथा अवार्ड प्रदान गर्दै 'यमन ग्लोबल म्युजिक अवार्ड-२०८३'को पहिलो संस्करण सम्पन्न भएको छ ।

यमन इन्टरटेन्मेन्ट प्रालिको आयोजनामा काठमाडौंको नयाँ बानेश्वर स्थित आइएनआइ सिनेमाहलमा आयोजित समारोहमा विभिन्न विधाका स्रष्टा तथा कलाकारलाई सम्मान र पुरस्कार प्रदान गरिएको थियो । सम्बाहाम्फे प्रपर्टी डेभलपर्स प्रालिका अध्यक्ष पूर्णबहादुर सम्बाहाम्फेको प्रमुख आतिथ्यतामा सम्पन्न समारोहमा सुश्मा प्रोडक्सन ग्लोबल, सिक्किम की सञ्चालक सुश्मा गुरुङ विशेष अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो । समारोहमा वरिष्ठ गायिका तारा थापालाई 'दीर्घसाधना सम्मान' प्रदान गरिएको थियो । लामो समयदेखि नेपाली गीत-संगीतको क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै थापालाई उक्त सम्मान प्रदान गरिएको कार्यक्रम संयोजक तारावीर पाण्डेले बताउनुभयो । यस्तै, महाकाव्यकार खेमनाथ दाहाललाई 'महाकाव्य साधना सम्मान' प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा वरिष्ठ गीतकार अम्बिका गुरुङ, गायिका मिलन नेवार, राजनराज सिवाकोटी, फुर्बा खाण्डु गुरुङ, प्रेमचन्द्र गुरुङ, रिकि लेप्चा, सविना भण्डारी, खिमानन्द आचार्य, शीतल कात्मविनी, शिव पराजुली, सुशील नेपाल, तुलसी बास्कोटा, शर्मिला गौतम र सोमराज तामाङ लगायत लाई विशेष सम्मान गरिएको थियो । पत्रकारिता क्षेत्रतर्फ स्वतिका पन्थीलाई पत्रकारिता पुरस्कार प्रदान गरिएको थियो ।

समारोहमा गीतसंगीत, चलचित्र, कला तथा साहित्य लगायत विभिन्न विधामा योगदान पुर्‍याउने स्रष्टा र कलाकारलाई अवार्ड तथा सम्मान प्रदान गरिएको थियो । आयोजकका अनुसार यस वर्षको अवार्डमा स्थापित कलाकार सँगै विभिन्न विधामा योगदान पुर्‍याइरहेका नयाँ पुस्ताका कलाकारलाई समेत समेटिएको थियो । अवार्ड समारोहकै अवसर पारेर सिक्किमका गायक छविन गुरुङको नयाँ गीत 'आमा' पनि सार्वजनिक गरिएको थियो । गीतमा छविन गुरुङकै शब्द तथा संगीत रहेको छ । तारावीर पाण्डेको निर्देशनमा तयार भएको गीतको भिडियोमा छविन गुरुङसँगै कविता आले, पवित्रा आचार्य, प्रेमचन्द्र गुरुङलगायतले अभिनय गर्नुभएको छ । बाल कलाकारतर्फ एलेक्स खड्का र संयम कटवालले अभिनय गर्नुभएको छ । ज्ञानेन्द्र शर्मा हुमागाईंको छायांकन रहेको भिडियोको दृश्य सम्पादन तथा कलर राकेश दाहालले गर्नुभएको हो । गीत 'आमा'मार्फत पारिवारिक सम्बन्ध र आमाप्रतिको भावनालाई प्रस्तुत गर्न खोजिएको छ ।

अवार्ड समारोहमा नेपाली संगीत तथा मनोरञ्जन क्षेत्रका चर्चित कलाकार, सर्जक, निर्देशक तथा प्राविधिकलाई विभिन्न विधामा अवार्ड प्रदान गरिएको थियो । समारोहमा पल शाह, प्रकाश सपुत, अर्जुन पोखेल, शिव परियार, डिपी खनाल, हरि सायमी, शंकर थापा 'स्माइल', छविन गुरुङ, प्रताप दास, बबिना भट्टराई, सारिका घिमिरे, सरोज पोखेल, रोकश दाहाल, सिमरन परियार, ईश्वरी बराल, नकुल कार्की, शुक्र आम्बुराङ राई, सुन्दर हाङ राई, रश्मि पाण्डे, नरहरि प्रेमी, निशा देशार, रचना रिमाल, षडष सम्बाहाम्फे, शेरु बराइली, बुद्धिमान बराइली, विनोद दनुवार, सुशील भट्टराई, मञ्जु लावती, शक्ति थामी, राजु हाङदम्बे, प्रकाश खरेललगायतलाई विभिन्न विधामा अवार्ड प्रदान गरिएको थियो ।

त्यसैगरी संगीता भण्डारी, सुनिता बुर्लाकोटी लुइँटेल, अनिश योञ्जन, सञ्जीव वाइबा, विजय दोङ, मुकेश गुरुङ, पासाङ शेर्पा, ज्ञानेन्द्र शर्मा हुमागाईं, सुनिल राउत, निर्देशक अर्जुन पोखेल, निशान एसके, विनोद बम, सुशील डागी, शिला गजुरेल, पवित्रा आचार्य, बबिना किराती, प्रशान्त सिवाकोटी, डम्बर नेपाली, जुरी ठाकुर र सोम मङरातीलगायतलाई पनि अवार्ड प्रदान गरिएको आयोजकले जनाएको छ । यस्तै ई-हिमालय टाइम्स दैनिकका सम्पादक सन्दीप पौड्याल लाई पत्रकारिता अवार्ड प्रदान गरिएको थियो । 'यमन ग्लोबल म्युजिक अवार्ड'मा आयोजकले संगीतका पर्दापछाडिका महत्त्वपूर्ण स्रष्टा तथा प्राविधिकलाई समेत समेटेको छ । पहिलोपटक बाध्यवादक लाई समेत अवार्ड प्रदान गरिएको आयोजकले जनाएको छ । तालवादन तर्फ भुवन गन्धर्व र बाँसुरीवादनतर्फ रत्न विकलाई अवार्ड प्रदान गरिएको थियो । संगीत सिर्जनामा गायक-गायिकासँगै विभिन्न वाद्यवादकको योगदान महत्त्वपूर्ण हुने भएकाले उनीहरूको योगदानलाई संस्थागत रूपमा सम्मान गर्ने प्रयास गरिएको आयोजकको भनाइ छ । कार्यक्रमको मुख्य प्रायोजक सम्बाहाम्फे प्रपर्टी डेभलपर्स प्रालि रहेको थियो भने सह-प्रायोजक मन्टेश्वरी एसोसिएसन नेपाल रहेको थियो । अवार्डका संयोजक तारावीर पाण्डेले गीत संगीत क्षेत्रका स्रष्टा तथा सर्जकको योगदानलाई सम्मान र प्रोत्साहन गर्ने उद्देश्यले अवार्ड आयोजना गरिएको बताउनुभयो ।

## शुभम रांजणे विराटनगर किङ्समा

प्रत्यूष समाचारदाता

काठमाडौं । नेपाल प्रिमियर लिग (एनपिएल)को तेस्रो संस्करणका लागि विराटनगर किङ्सले भारतीय मूलका अमेरिकी अन्तरराष्ट्रिय क्रिकेटर शुभम रांजणेलाई टोलीमा पुनःअनुबन्ध गरेको छ ।

रांजणेले एनपिएलको दोस्रो संस्करणमा विराटनगर किङ्सबाट प्रभावशाली प्रदर्शन गरेका थिए । उनले चार खेलमा ८७ रन बनाउँदै टोलीको ब्याटिङमा महत्त्वपूर्ण योगदान दिएका थिए । उनको ब्याटिङ औसत २९ तथा स्ट्राइक रेट १२९ दशमलव ८५ रहेको थियो । प्रतियोगिताका क्रममा उनले पाँच चौका र चार छक्का प्रहार गरेका थिए ।

ब्याटिङसँगै बलिङमा समेत योगदान दिएका रांजणेले दोस्रो संस्करणमा १० ओभर बलिङ गर्दै पाँच विकेट लिएका थिए । उनको यही बहुआयामिक क्षमताका कारण विराटनगर किङ्सले तेस्रो संस्करण का लागि उनलाई पुनः टोलीमा समावेश गरेको हो । विराटनगर किङ्स व्यवस्थापनले रांजणेको अनुभव, बहुआयामिक क्षमता र दबाबको अवस्थामा प्रदर्शन गर्न सक्ने क्षमतालाई टोलीका लागि महत्त्वपूर्ण पक्षका रूपमा लिएको जनाएको छ । टोली व्यवस्थापनका अनुसार रांजणेले आवश्यकता अनुसार ब्याटिङ र बलिङ दुवैमा भूमिका निर्वाह गर्न सक्ने भएकाले उनको उपस्थितिले टोलीलाई थप मजबुत बनाउनेछ । टोलीमा पुनः आबद्ध भएपछि रांजणेले पनि खुसी व्यक्त गर्दै आगामी सिजनमा अझ प्रभावकारी प्रदर्शन गर्ने प्रतिबद्धता जनाएका छन् । "विराटनगर किङ्ससँग फेरि जोडिन पाउँदा म निकै उत्साहित छु । गत संस्करणको अनुभव विशेष थियो र टोलीसँगको सम्बन्ध पनि निकै राम्रो रह्यो । अब तेस्रो संस्करणमा अझ राम्रो प्रदर्शन गर्दै टोलीको लक्ष्य पूरा गर्न योगदान दिने मेरो प्रयास हुनेछ", रांजणेले भने ।

उनले एनपीएल नेपाली तथा विदेशी खेलाडीका लागि आफ्नो क्षमता प्रदर्शन गर्ने उत्कृष्ट मञ्च बनेको उल्लेख गर्दै विराटनगर किंग्सले आफूमाथि देखाएको विश्वासप्रति आभार व्यक्त गरे । नेपालमा क्रिकेटप्रतिको बढ्दो क्रेज र समर्थकहरूको उत्साहले आफू प्रभावित भएको पनि उनले बताए । रांजणेले घरेलु, अन्तरराष्ट्रिय तथा विभिन्न फ्रेन्चाइज प्रतियोगितामा लामो अनुभव बटुलेका छन् । उनले आफ्नो करियरमा मुम्बई, महाराष्ट्र, गोवा, राजस्थान रोयल्स, सियाटल ओर्कास, टेक्सास सुपर किङ्स, जोबर्ग सुपर किङ्स, शारजाह वारियर्स तथा ढाका क्यापिटल्स लगायत टोलीबाट प्रतिनिधित्व गरिसकेका छन् । क्रिकेट पृष्ठभूमि भएको परिवारबाट आएका रांजणे भारतका पूर्वक्रिकेटर वसन्त रांजणेका नाति तथा महाराष्ट्र र भारत यु-१९ बाट खेलिसकेका सुभाष रांजणेका छोरा हुन् ।

## नेपालगञ्जमा राष्ट्रिय खेलकुदका खेल सञ्चालनको तयारी हुँदै

नेपालगञ्ज । शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलले नेपालगञ्ज रङ्गशालाको निरीक्षण गर्नुभएको छ । आगामी मङ्सिर १६ देखि २७ गतेसम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना हुने दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत केही खेल नेपालगञ्जमा सञ्चालन गर्ने गरी गरिएको तयारीको उहाँले सोमबार

दशौँ राष्ट्रिय खेलकुदका लागि नेपालगञ्जमा उपलब्ध खेल पूर्वाधारको अवस्था र सम्भावित खेलस्थलको निरीक्षण गर्न शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव पौडेल नेतृत्वको टोलीले अनुगमन गरेको हो । सुर्खेतमा प्रतियोगिताको पूर्वतयारीबारे स्थलगत जानकारी लिएर फर्किने क्रममा सचिव पौडेल, सहसचिव रमेश ढकालसहितको टोलीले नेपालगञ्ज रङ्गशालामा रहेका विभिन्न खेल पूर्वाधारको निरीक्षण गरेको साविक मध्य पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख महेश चन्दले जानकारी दिनुभयो ।

टोलीले रङ्गशालाको मुख्य मैदान, पौडी पोखरी, सुटिङ रेन्ज, कभर्ड हललगायत संरचनाको अवलोकन गरेको थियो । निरीक्षण पछि नेपालगञ्जमा दशौँ राष्ट्रिय खेलकुदका करिब छ वटा खेल सञ्चालन गर्न सकिने सम्भावनाबारे छलफल भएको चन्दले बताउनुभयो । निरीक्षणका क्रममा सचिव पौडेलले नेपालगञ्जमा रहेका खेल पूर्वाधारको प्रयोग र संरक्षणलाई समेत ध्यान दिएर प्रतियोगिताका सञ्चालनको लागि तयारी अघि बढाउनुपर्नेमा जोड दिनुभयो । "नेपालगञ्जमा उपलब्ध खेल पूर्वाधारको अवस्था बुझेर राष्ट्रिय खेलकुद प्रतियोगिताका केही खेल सञ्चालन गर्न आवश्यक तयारी र व्यवस्थापनका विषयमा सम्बन्धित पक्षसँग समन्वय गरेर अघि बढ्नेछौँ", उहाँले भन्नुभयो । सो अवसरमा कार्यालय प्रमुख चन्दले टोलीलाई नेपालगञ्ज रङ्गशालामा रहेका विभिन्न खेलस्थल, पूर्वाधार तथा तिनको वर्तमान अवस्थाबारे जानकारी गराउनुभएको थियो । नेपालगञ्जमा आठौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुँदा ठूलो लगानीमा विभिन्न खेलका लागि आवश्यक पूर्वाधार निर्माण गरिएको थियो ।

## राष्ट्रिय महिला क्रिकेटर उपाध्याय खेल सामग्रीसहित सम्मानित

काठमाडौँ । नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीकी सदस्य मनिषा उपाध्याय रु ६० हजारको खेल सामग्रीसहित सम्मानित भएकी छिन् । सोमबार काठमाण्डौमा आयोजित पत्रकार सम्मेलनमार्फत 'लेट रमादेवी मेमोरियल क्रिकेट कप' को तर्फबाट रु ६० हजार बराबरको क्रिकेट सामग्रीसहित उपाध्याय सम्मानित भएकी हुन् ।

नेपाली महिला क्रिकेटमा उत्कृष्ट प्रदर्शन गर्दै राष्ट्रिय टोलीमा पुग्न सफल मनिषाको मिहिनेत, समर्पण र निरन्तरताको कदर गर्दै उक्त सम्मान गर्न लागिएको आयोजकले जनाएको छ । प्रतियो-गिताका निर्देशक राज क्षेत्रीद्वारा जारी प्रेस विज्ञप्ति अनुसार असोज २७ गते अर्घाखाँची मा आयोजना हुने 'लेट रमादेवी मेमोरियल क्रिकेट कप' को अवसरमा मनिषालाई रु ६० हजार बराबरको क्रिकेट सामग्री हस्तान्तरण गरिएको हो । "यो सहयोग क्रिकेट सामग्रीका रूपमा मात्र नभइ उनको मिहिनेतप्रतिको सम्मान र आगामी दिनमा अझ राम्रो प्रदर्शनका लागि सानो प्रोत्साहन हो", विज्ञप्तिमा भनिएको छ । सो अवसरमा सम्मान ग्रहणपछि प्रतिक्रिया दिँदै मनिषाले आज प्राप्त खेल सामग्रीले आगामी दिनमा धेरै सहयोग पुग्ने बताइन् । यस्ता प्रकारका सम्मानले क्रिकेटमा थप उत्कृष्ट प्रदर्शन गर्न हौसला पनि पुग्ने उनको भनाइ छ । अन्तरराष्ट्रिय क्रिकेट अम्पायर रवीन्द्र गुप्ताले मनिषालाई नेपाली महिला टिमकी उदाउँदो स्टारका रूपमा प्रशंसा गरेका छन् । "मनिषा अहिले नेपाली टोलीको महत्त्वपूर्ण सदस्य हुन् । उनीजस्ता प्रतिभावान् खेलाडीको हौसला बढाइराख्न यस्तो प्रकारको सम्मान प्रदान गर्न आवश्यक छ । आगामी दिनमा अन्य सङ्घ-संस्थाले पनि खेलाडीको हौसला बढाउने काम गरेको देख्न पाइयोस्", अम्पायर गुप्ताले भनेका छन् ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमी प्रशासन कार्यालय, धादिङ**

**छुट जग्गा दर्ता सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

प्रकाशित मिति : २०८३/०६/१२

धादिङ जिल्ला साविक गजुरी गा.वि.स. वडा नं ९ हाल गजुरी गाउँपालिका वडा नं. ३ बस्ने टोपोलको नाती बुद्दौलालको छोरा नर बहादुर गलान तामाङले आफ्नो नाम नर बहादुर ग्लान तामाङको नाममा फिल्डबुक कायम भएको गजुरी गा.वि.स. वडा नं ९।ग कि. नं. ५४ क्षे.फ. २२-१०-३-३ भएको जग्गा आफ्नो नाममा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी यस कार्यालयमा वारेस श्री चन्द्र बहादुर गलान मार्फत निवेदन पेश गरेकोमा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त कित्ता जग्गाहरुमा जग्गाधनी/मोही अरु कोही भए वा अरु कसैको हक भोग भएमा साथै हकदार अरु कोही भएमा र सो जग्गा सरकारी, सार्वजनिक जग्गा भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र उजुर गर्न आउनु होला । अन्यथा निवेदकको नाममा नियमानुसार जग्गा दर्ता गर्ने तर्फ कामकारवाही अगाडी बढाइने व्यहोरा सर्वसाधारण एवं सरोकारवालाको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| फिल्ड बुकमा जग्गा धनीको महलमा भएको नाम,थर | फिल्ड बुकमा ज.ध.को बाबु र बाजेको नामथर | गा.वि.स. | वडा नं | कि. न. | क्षेत्रफल | निवेदक/हकवालाको नाम,थर | निवेदकको ज.ध. संगको नाता |
|---|---|---|---|---|---|---|---|
| नर बहादुर ग्लान तामाङ | बाबु : बुद्धीलाल<br>बाजे :टोपोल | गजुरी | ९।ग. | ५४ | २२-१०-३-३ | नर बहादुर ग्लान<br>ना.प्र. न.४३७२७<br>जारी मिति<br>२०५८।०५।०१,धादिङ | आफै |

भूमी प्रशासन अधिकृत

# चाडपर्व लक्षित विशेष अभियान सञ्चालन गर्दै प्रहरी

काठमाडौँ । चाडपर्वका समयमा यात्रुको सुरक्षा, सवारी दुर्घटना नियन्त्रण तथा यात्रु ठगी रोक्न काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले विशेष अभियान सञ्चालन गर्ने भएको छ ।

चाडपर्व नजिकिएसँगै देशभर यात्रुहरूको आवतजावत बढ्ने भएकाले यात्रुलाई सुरक्षित र सहज यात्रा सुनिश्चित गर्न विशेष अभियान सञ्चालनको तयारी थालिएको हो । उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेका अनुसार चाडपर्वका समयमा अनधिकृत व्यक्तिबाट टिकट बिक्री, तोकिएभन्दा बढी भाडा असुली, सिट क्षमताभन्दा बढी टिकट बिक्री तथा एउटै सिटका लागि धेरै टिकट बिक्रीजस्ता घटना हुन सक्ने भएकाले त्यसको नियन्त्रणका लागि अभियान सञ्चालन गरिनेछ ।

चाडपर्वका बेला तीव्र गति, क्षमताभन्दा बढी यात्रु तथा सामान बोक्ने र सडकमा सवारीसाधनबीच अस्वस्थ प्रतिस्पर्धाका कारण दुर्घटना हुन सक्ने भएकाले ट्राफिक नियमको प्रभावकारी कार्यान्वयनमा विशेष ध्यान दिइने प्रहरी वरिष्ठ उपरीक्षक काफ्लेले बताउनुभयो । यात्रुको सुरक्षालाई प्राथमिकतामा राख्दै उपत्यकाका विभिन्न स्थानमा यात्रु सहायता कक्ष स्थापना गरी संयुक्त रूपमा विशेष चेकजाँच तथा अनुगमन गरिने उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेन्द्रराज सुवेदीका अनुसार बसपार्क, चाबहिल, कोटेश्वर, चापागाउँ, बल्खु, पुल्चोक, नागढुङ्गा, कलङ्की, भीमढुङ्गा, साँखुलगायतका मुख्य स्थानमा यात्रु सहायता कक्ष स्थापना गरि विशेष अभियान सञ्चालन गरिनेछ । अभियान अन्तर्गत सवारीसाधनको यान्त्रिक अवस्था र प्रदूषण जाँच गरिनेछ भने लामो दूरीका सवारीसाधनमा अनिवार्य दुई चालक राख्नुपर्ने कानुनी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिने भएको छ ।

मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउने प्रवृत्ति नियन्त्रण गर्न ब्रेथलाइजर मेसिन प्रयोग गरी जाँच तथा अनुगमनलाई तीव्रता दिइने प्रवक्ता सुवेदीले बताउनुभयो । दिवा तथा रात्रिकालीन समयमा सडकमा ट्राफिक प्रहरीको थप उपस्थिति गराई नागरिकलाई सुरक्षित यात्राको प्रत्याभूति दिलाउने गरी अभियान सञ्चालन गरिने छ ।

चाडपर्वका समयमा मठ मन्दिरमा दर्शनार्थीको भीड बढ्ने भएकाले ती स्थानमा पार्किङ व्यवस्थापनका लागि समेत ट्राफिक प्रहरी परिचालन गरिनेछ ।

अभियान लाई प्रभावकारी बनाउन सिभिल प्रहरी, ट्राफिक प्रहरी, यातायात व्यवस्था विभाग, सडक विभाग तथा महानगर प्रहरीबीच समन्वय गरी एकीकृत रूपमा परिचालन गर्ने व्यवस्था मिलाइने उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

# विदेश पठाउने नाममा ९४ लाख ठगी गर्ने दुई जना पक्राउ

काठमाडौँ । काठमाडौँ, १२ असोजः वैदेशिक रोजगारीका लागि विदेश पठाइदिने भन्दै रु ९४ लाख ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुले धादिङका ईश्वर खतिवडा र लमजुङका खर्वा तामाङलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार खतिवडाले स्लोभानिया र माल्दिभ्स पठाइदिने भन्दै २५ जनाबाट रु ८५ लाख ठगी गरेको आरोप लागेको छ ।

रकम लिएर विदेश नपठाई सम्पर्कविहीन भएपछि पीडितले उजुरी दिएका थिए । त्यस्तै, तामाङले जापान पठाइदिने भन्दै एक जनाबाट रु नौ लाख लिएको उजुरीका आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ । उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार खतिवडालाई काठमाडौँ महानगरपालिका-२६ बाट र तामाङलाई काठमाडौँ-९ सिनामङ्गलबाट पक्राउ गरिएको हो ।

उनीहरु माथि थप अनुसन्धान भइरहेको छ ।

**अपाङ्गता पुनर्स्थापन समाज, धादिङ**

**कोटेशन आह्वान गरिएको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०९/१३)**

अपाङ्गता पुनर्स्थापन समाज धादिङ **(DRS-Dhading)** ले **Care Nepal** को आर्थिक सहयोगमा आशा परियोजना सञ्चालन गरिरहेको छ । उल्लेखित परियोजना अन्तर्गत खाद्यान्न तथा जाडोको लागि चाहिने महिला, किशोरी, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सामाग्री खरिद गर्नुपर्ने भएकोले मुल्य अभिवृद्धि करमा दर्ता भएका उल्लेखित सामाग्री आपुर्ति गर्न इच्छुक अधिकृत विक्रेता, आपुर्तिकर्ता तथा वितरकहरुबाट सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कोटेशन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. कोटेशन फाराम अपाङ्गता पुनर्स्थापन समाज धादिङको निलकण्ठ नगरपालिका वडा नं ३ शान्तबजार स्थित कार्यालयबाट प्राप्त गर्नुपर्नेछ ।
२. उक्त फारम यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्थाको कार्यालयमा मुल्य अभिवृद्धि कर सहितको दरभाउ उल्लेख गरी पेश गर्नुपर्नेछ ।
३. कोटेशन सँगै पेश गर्नुपर्ने कागजातहरु
   क) फर्म दर्ता प्रमाण–पत्रको प्रतिलिपि
   ख) फर्म भ्याटमा दर्ता भएको पत्रको प्रतिलिपि
   ग) आर्थिक बर्ष २०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि
४. शिलबन्दी कोटेशनको खाम बाहिर कोटेशन दाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ ।
५. कोटेशन फाराममा उल्लेखित प्रत्येक सामग्रीको दररेट (भ्याट बाहेक) अंक र अक्षर दुबैमा स्पष्ट लेखिएको हुनु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन ।
६. कोटेशन फाराम खाम बन्द गरी लाहाछापले शिलबन्द गरिएको हुनु पर्नेछ, अन्यथा उक्त कोटेशन दर्ता गर्न संस्था बाध्य हुने छैन ।
७. पेश गरिएका कोटेशनहरु, दर्ता गर्ने अन्तिम मितिको भोलीपल्ट संस्थाका प्रतिनिधीहरुबाट यस संस्थाको कार्यालयमा खोलिनेछ ।
८. म्याद नाघी वा रित नपूगी आएका कोटेशन उपर कुनै कारबाही हुने छैन ।
७. थप जानकारी आवश्यक परेमा तल उल्लेखित फोन नम्बरमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।
८. फाराम बुझाउने अन्तिम मिति २०७८/०९/१९ गते साँझ ५:०० बजेसम्म हुनेछ ।
९. अन्य सम्पुर्ण कुराहरु नेपाल सरकारको प्रचलीत कानून बमोजिम हुनेछ ।
१०. सर्वाधिकार अपाङ्गता पुनर्स्थापन समाज धादिङमा नीहित रहेको छ ।

**कोटेशन पेश गर्ने ठेगाना**

अपाङ्गता पुनर्स्थापन समाज धादिङ (DRS-Dhading)
निलकण्ठ नगरापालिका, वडा नं ३, धादिङवेशी
कार्यकारी निर्देशक सम्पर्क नं ९८५१०६८४५९

# प्रतिनिधिसभाः सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत

काठमाडौँ । प्रतिनिधिसभाले 'सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार (पहिलो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस् भन्ने प्रस्ताव' स्वीकृत गरेको छ । प्रतिनिधिसभाको सोमबार (हिजो)को बैठकमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले प्रस्तुत गर्नुभएको उक्त प्रस्ताव सर्व सम्मतीले स्वीकृत भएको हो ।

प्रस्ताव प्रस्तुत गर्दै मन्त्री मेहताले मातृत्वमा गरिएको लगानी राज्यको भविष्य माथिको लगानी गरिएको बुझ्नुपर्ने बताउनुभयो । तसर्थ उहाँले सुत्केरीका लागि व्यवस्था गरिएको ६ महिनाको बिदा सरकारी र निजी क्षेत्रमा समान रुपमा लागु हुने बताउनुभयो ।

मन्त्री मेहताले भन्नुभयो, "मातृत्वको विषय कुनै क्षेत्र, पेशा, वा सेवामा सीमित विषय होइन, यो महिलाको स्वास्थ्य र समग्र स्वास्थ्य क्षेत्रको अवस्थासँग जोडिएको छ ।"

यसअघि उक्त प्रस्ताव माथिको छलफलमा भाग लिँदै सांसद भरत गिरीले आमाको जीवन, नवजात शिशुको भविष्य र राज्यको जिम्मेवारीसँग जोडिएको विषय भएकाले विधेयकलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद पुकार बमले सुरक्षित मातृत्व केवल महिलाको विषय मात्रै होइन, परिवार, राज्य र राष्ट्रको भविष्यसँग जोडिएको विषय रहेको बताउनुभयो ।

सांसद बलावती शर्माले ६ महिना सुत्केरी बिदा र ४२ दिन पुरुष कर्मचारीलाई प्रसुती स्याहार बिदा दिने व्यवस्थाको प्रभावकारी कार्यान्व्यनमा जोड दिनुपर्ने धारणा राख्नुभयो । सांसद रन्जु न्यौपानले प्रसुती स्याहारको बिदा पाउने पुरुषले महिलामाथि हिंसा गरे वा स्याहार नगरेमा कानुनी कारवाहीको व्यवस्था समेत विधेयकमा किटान गरिनुपर्ने बताउनुभयो । बैठकमा सांसदहरु राधिका रम्तेल, समिना मिया, रुविना आचार्य, समिक्षा बास्कोटा, टुकाभद्रा हमाल, आकृति अवस्थी, ज्ञानेन्द्रसिंह महता, खुश्बु ओली, पुष्पाकुमारी चौधरी, गोविन्द पन्थी, सुम्नीमा उदास, साजिदा खातुन सिद्धिकी, सरस्वती लामा, अम्बिकादेवी सङ्गौला, कुलभक्त शाक्य, ज्ञानु पौडेल, प्रेमबहादुर बयक, गणेश कार्की, डा ओजस्वी शेरचन, रिङ्गला यादव, गुरुप्रसाद बराल, बदनकुमार भण्डारी, एशुदाकुमारी बराल, भीमकुमारी बुढामगर र रत्नकुमारी थापाले विधेयक माथिको सामान्य सैद्धान्तिक छलफलमा भाग लिँदै आ-आफ्ना धारणा रार्ख्नुभएको थियो ।

# दक्षिण एसियामा लागुऔषधका फरक-फरक बजार

काठमाडौँ । दक्षिण एसियाभर फरक तर एकअर्कासँग अन्तरसम्बन्धित कृत्रिम लागुऔषध बजार रहेको एक अध्ययनले देखाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय लागु औषध तथा अपराध कार्यालय (युएनओडिसी)ले सोमबार सार्वजनिक गरेको क्षेत्रीय प्रतिवेदनले दक्षिण एसियामा कृत्रिम लागुऔषधका बजार फरक-फरक तरिकाले विकसित भइरहेको औँल्याएको हो ।

लागुऔषधका पदार्थको पहिचान, घटनालाई आपसमा जोड्ने, अवैध आम्दानीको स्रोत पत्ता लगाउने तथा सहकार्य सुदृढ गर्ने विषय यस क्षेत्रका मुलुकले साझा चुनौती सामना गरिरहेका प्रतिवेदनमा उल्लेख छ । बङ्गलादेश, माल्दिभ्स, नेपाल र श्रीलङ्काको अवस्थाबारे गरिएको मूल्याङ्कनमा आधारित नयाँ युएनओडिसी क्षेत्रीय प्रतिवेदनले यस्तो देखाएको हो ।

'दक्षिण एसिया केन्द्रमाः कृत्रिम लागुऔषध तथा पूर्ववर्ती पदार्थका प्रवृत्तिहरू' शीर्षकको प्रतिवेदनले देशअनुसार फरक-फरक अवस्था रहेको देखाएको छ। प्रतिवेदन अनुसार बङ्गलादेशमा ठूलो परिमाणको याबा (एक प्रकारको अवैध लागु औषध) बजार स्थापित छ। नेपालमा नियन्त्रणमा रहेका औषधिहरूको अवैध ओसारपसार महत्त्वपूर्ण चुनौतीका रूपमा रहेको छ । माल्दिभ्स समुद्री, हवाई, हुलाक तथा कुरियर मार्गमार्फत कृत्रिम लागु औषधको जोखिममा छ भने श्रीलङ्कामा मेथाम्फेटामिन बढ्दो रूपमा प्रमुख बनेको छ ।

सो अवसरमा दक्षिण एसियाका लागि युएनओडिसी क्षेत्रीय प्रतिनिधि क्रिस्टियन हुल्गेले आपराधिक सञ्जालले मार्ग र सीमापार गतिविधिअनुसार आफूलाई अनुकूल बनाइरहेका उल्लेख गर्दै नियन्त्रणका लागि अझ बलियो पूर्वसूचना, फरेन्सिक तथा अनुसन्धान क्षमता, राम्रो सूचना आदानप्रदान र क्षेत्रीय सहकार्य आवश्यक रहेको बताउनुभयो । नेपालस्थित अमेरिकी दूतावासका कार्यवाहक उपप्रमुख विल्बर्ट भोनले लागुऔषध तस्करी विरुद्धको लडाइँमा अन्तरराष्ट्रिय तथा क्षेत्रीय सहकार्य अत्यावश्यक रहेको बताउनुभयो ।

फरक बजार अवस्था

प्रतिवेदनले नेपालमा ट्रामाडोल, ट्यापेन्टाडोल, बेन्जोडाय जेपिन र कोडिनलगायत नियन्त्रणमा रहेका औषधिको सीमापार आवागमन तथा अवैध वितरणलाई प्रमुख विषयका रूपमा औँल्याएको छ । ती पदार्थ स्थलमार्ग, यात्रु तथा कार्गो माध्यम र हुलाक तथा कुरियर सेवामार्फत बारम्बार ओसारपसार हुने गरेको पनि प्रतिवेदनमा उल्लेख छ । फेब्रुअरी २०२५ मा काठमाडौँमा गरिएको एउटा कारबाहीका क्रममा पाँच लाख ६४ हजार १०० ट्रामाडोल ट्याब्लेट बरामद गरिएको थियो ।

त्यस्तै बङ्गलादेशमा कृत्रिम लागुऔषधको अवस्था स्थापित याबा बजार, ठूलो अनुमानित आन्तरिक माग तथा म्यानमारसँग जोडिएको सीमाबाट भित्री भूभाग, तटीय क्षेत्र, हवाई तथा पार्सल प्रणालीसम्म फैलिएका तस्करी मार्गबाट भएको देखिएको प्रतिवेदनमा उल्लेख छ ।

राष्ट्रिय रूपमा रिपोर्ट गरिएका याबा/एम्फेटामिन-प्रकारका उत्तेजक ट्याब्लेट बरामद सन् २०२४ मा तीव्र गिरावट आए पनि सन् २०२५ मा बढेर चार करोड ३५ लाख ६२ हजार ८११ ट्याब्लेट पुगेको थियो । यसैगरी माल्दिभ्समा समुद्री, हवाई, हुलाक तथा कुरियर माध्यमबाट कृत्रिम लागुऔषध फेला पर्ने गरेको छ । प्रतिवेदनअनुसार माल्दिभ्समा बरामद सन् २०२३ मा २५.२७ किलोग्रामबाट बढेर २०२४ मा ३८.३१ किलोग्राम पुगेको थियो भने जनवरी-जुन २०२५ सम्म १६.०४ किलोग्राम बरामद भएको थियो । श्रीलङ्काका राष्ट्रिय निकायले सामना गर्ने कृत्रिम लागुऔषधमध्ये मेथाम्फेटामिन अहिले प्रमुख बनेको छ ।

सन् २०२५ मा मेथाम्फेटामिन सम्बन्धी पक्राउ ९२ हजार ६५० पुगेको थियो, जुन कूल लागुऔषध सम्बन्धी पक्राउको ३५.३ प्रतिशत हो ।

मूल्याङ्कनले ठूलो परिमाणको लागुऔषध ओसारपसारका लागि समुद्री मार्ग मुख्य माध्यम रहेको र हवाई यात्रु, हुलाक तथा कुरियर माध्यमबाट पनि साना परिमाणमा फेला पर्ने गरेको उल्लेख गरेको छ । प्रतिवेदन सार्वजनिक समारोहमा नेपालका लागि श्रीलंकाका राजदूत रुवन्थी डेल्पिटियाको, लागुऔषध नियन्त्रण ब्युरोका प्रहरी उपरीक्षक दुर्गाराज रेग्मी, बिम्स्टेक सचिवालयका प्रमुख विशेषज्ञ डाइयान इब्न हसन सहभागी हुनुहुन्थ्यो ।

कार्यक्रममा प्रमाणलाई व्यवहारमा रूपान्तरण गर्न सहयोग गर्ने युएनओडिसीका तीन वटा पूरक ज्ञान सम्बन्धि सामग्री समेत प्रस्तुत गरिएको थियो ।

# टेलिफोन टावरमा सोलार प्रणाली जडान

काठमाडौँ । रसुवाको टिमुरेमा डिजेल जेनेरेटरबाट सञ्चालन हुँदै आएको नेपाल टेलिकमको टेलिफोन टावरमा सोलार प्रणाली जडान गरिएको छ ।

नेपाल विद्युत् प्राधिकरणको विद्युत् सेवा लामो समयसम्म अवरुद्ध हुने भएपछि टिमुरेको टेलिफोन सेवा निरन्तर राख्न नेपाल टेलिकमले १२ किलोवाट क्षमताको सोलार प्रणाली सञ्चालनमा ल्याएको हो ।

गत भदौ १० गतेको रसुवा भोटेकोशीमा गएको बाढीपछि विद्युत् आपूर्ति बन्द हुँदा टिमुरेमा रहेको टेलिफोन टावर डिजेल जेनेरेटर चलाएर सञ्चालनमा ल्याइएको थियो । तर, टावर सञ्चालनका लागि आवश्यक डिजेलसमेत हेलिकप्टर मार्फत ढुवानी गर्नुपर्ने अवस्था थियो ।

टिमुरे-खैदीमा आवश्यक उपकरण तथा सामग्री हेलि कप्टर मार्फत ढुवानी गरी १२ किलोवाट क्षमताको सोलार सिस्टम जडान गरेको नेपाल टेलिकमले एक कार्यक्रमका विच जानकारी दिएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा–३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०–५२१४३०, ०१०–५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com